कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

पत्र संख्या : ०८३ /८४ (भूमि /सहकारी)
च.न.

मिति २०८३।४।२२
नेपाल संवत ११४६

विषय: निर्देशन सम्वन्धमा ।

श्री कमलामाई नगरपालिका अन्तर्गतका सम्पुर्ण सहकारी संस्थाहरु,

उपरोक्त सम्वन्धमा यस कमलामाई नगरपालिकामा रहेका सहकारी संस्थाहरुले सहकारी विभागवाट जारी भएको एकीकृत निर्देशन वारे तँहा संस्थाहरुमा विदितै छ। सोहि एकिकृत निर्देशन ०८२ तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणवाट जारी भएको वचत तथा ऋण सहकारी संस्था नियामकीय मापदण्ड ०८२ समेत पालना गर्नहुनका साथै देहाय वमोजिमका बुँदाहरुमा कार्यन्वयनका लागि कमलामाई सहकारी ऐन २०७५को दफा ७१(५) वमोजिम सहकारी संस्थाहरुले पालना गर्नहुन निर्देशन जारी गरिएको छ।

१ सहकारी ऐन ०७४मा व्यवस्था भएको दफा ३९(२) वमोजिम सवै सहकारीहरुले २०८३ पौष मसान्त सम्म साधारणसभा सम्पनका साथै सभा संचालन वखत साधारणसभा (कार्यव्यस्था पहिलो संशोधन निर्देशिका २०७६) वमोजिम कार्यन्वयन गर्नहुन।

(क) साधारणसभा सम्पन्न भएको मितिले १५दिन भित्र सभा प्रतिवेदन पेश गर्नहुनका साथै पेश गरिने प्रतिवेदनमा संस्थाका अध्यक्ष वा सचिवले प्रमाणित दस्तखतमा संस्थाको छाप सहित पेश गर्नुहुन,

(ख) पेश गरिने अन्य कागजातमा गत आ.व सम्मको कर सेवा कार्यालय वाट प्रदान गरिएको कर चुक्ता पत्र तथा व्यवसायिक दर्ता भुक्तानी रसिद समेत हुनुपर्नेछ,

(ग) व्यवस्था भए अनुसार निर्णय प्रमाणित संचालक समिति र शेयर सदस्यहरु सहितको दस्तखत हुनुपर्ने, सदस्य केन्द्रित तथा मितव्ययी वनाई साधारणसभा संचालन सवै पायक पर्ने स्थानमा संचालन गर्नुपर्ने, साथै अनेकन खालका प्रस्तुती नगरी सवैमा समान संचार रहने किसिमको सभा कार्यकम संचालन गर्नुहोला,

२ सवै सहकारीहरुले कोपोमिस प्रणालीमा मासिक विवरणका साथै प्रणालीमा भएका अन्य व्यवस्था (वार्षिक कारोवार विवरण, सदस्य विवरण, साधारणसभा प्रतिवेदन, निर्वाचन सम्वन्धि विवरण, सम्पति शुद्धिकरण, लेखा समितिको वैठक लगाएतका विवरणहरु प्रविष्ट गर्ने।

३ लेखापरिक्षणका लागि सहकारी संघसंस्थाहरुले गत आ.व को कारोवार सभावाट स्विकृत लेखा परीक्षक नियुक्त गरि यस कार्यलयको सहकारी ऐन २०७५ को दफा ५५(१) वमोजिम तोकिएको लेखापरीक्षकको सिफारिसपत्र पश्चात मात्र कार्य संचालन गर्नहुन, अन्यथा सम्वन्धित संस्थाहरुनै जवाफदेही हुने।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

स्वच्छ, सफा र सभ्य शहर हिमाल र तराईको मिलनविन्दु कमलामाई नगर
फोन नं. : +९७७-०४७-५२०५९६, ५२०५१२, ५२०२४०, ५२०२५१, ५२०२४५, ५२०६०८
Phone No. : +977-047-520596, 520512, 520240, 520251, 520245, 520608
E-mail : kamalamaimun.sindhuli@gmail.com
Web Site : kamalamaimun.gov.np

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

४ संचालक समिति तथा लेखा समितिको पदाधिकारी चयन वा निर्वाचन गर्नुपरे प्रचलित कानुन मापदण्ड एवं विनियम वमोजिमको योग्यता पुगेका सदस्यहरुवाट मात्र निर्वाचन गर्ने गराउने, संचालक समितिमा सगोलनातेदार अर्थात पहिलो संशोधन २०८३ मा दफा २ को (घ१)मा कायम भएको परिभाषा वमोजिम पालना गर्न हुन।

५ सहकारी शिक्षामा विशेष प्राथमिकता कायम गरि सहकारीका महत्वमा जोडदिदै सहकारी शिक्षा तथा प्रशिक्षण सम्वन्धि न्यूनतम निर्धारकहरु २०८० अनुरुप सहजीकरण कार्य संचालन गर्नहुन। तत सम्वन्धमा सहकारी संघ, वितिय संस्थाहरुले समेत आवश्यक सहयोग गर्नहुन

६ संस्थाको विनियममा व्यवस्था नभएको व्यवस्था अन्तर्गत आफुखुसी शेयर वढाउने, विधुतीय माध्यमका प्रयोग, ऋण नविकरणमा सेवा शूल्क, थप शेयर खरिद, व्यवस्था नभएका वचतका प्रकारहरु संचालन गर्ने नियामक निकायको स्वीकृत नलिई कार्य नगर्नहुन। साथै संस्थाहरुले लेखा कारोवार अभिलेख गर्दा क्लाउडमा आधारित भएका मात्र व्यवस्था गर्ने।

७ संचालक सिमिति तथा कार्यरत कर्मचारीहरुले पद त्यागनु परेमा आफ्नो कार्यकालमा सृजना भएका दायित्व फरफारक गर्ने जिम्मा स्वंय भएकोले दायित्व फरफारक नगरी राजीनामा मात्र दिने प्रवृति नगर्न हुन ।

८ सहकारी नियमावली २०७५ को नियम ७६(१) झ, वमोजिम सुशासन व्यवस्था तर्फ तोकीएको समयमा स्वेत पत्र जारी गर्नुपर्ने।

९ सहकारी दर्ता अभिलेखीकरण मापदण्ड २०८२ को दफा ३ उपदफा १ वमोजिम राष्ट्रिय नियमन प्राधिकरण दर्ता भएका सहकारी संस्थाहरुलेहरुले सहकारी ऐन २०७४ को दफा २१(४) वमोजिम जानकारी प्रदान गर्ने।

१० ऋणलगानी प्रकृयामा सदस्यहरुको हितलाई मध्यनजर गरि ऋण रकम अनुसारको अवधि कायम गरि सदस्य सेवामा प्राथमिकता दिने यस प्रकारको अवधिहरुमा सेवा शूल्क या वार्षिक नविकरण शूल्क कायम नगर्नहुन। अधिकतम रकमहरुमा ऋण विमा संचालनका लागि आवश्यक व्यवस्थाका लागि कार्यविधि तयार गरि पेश गर्ने।

११ सहकारी संस्थाहरुले आफ्नो कार्य वोझको आधारमा सभावाट स्विकृत दरवन्दी कायम गरि कर्मचारी व्यवस्थापन गरि सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि प्रस्ताव पेश गर्ने।

१२ सम्पति शुद्धिकरण कार्य अन्तर्गत नेपाल राष्ट्र वैंकमा वितिय जानकारीका लागि उपलव्ध गराउनुपर्ने शंकास्पद वा नियमित सूचना कायम रहेको प्रणाली वाट पठाउनुहुन ।

१३ कमलामाई सहकारी ऐन २०७५ को दफा ६५मा सहकारी एकीकरण विघटन र खारेज वमोजिम इच्छुक सहकारी संस्थाहरुले एकीकरण सम्वन्धमा कार्यलयमा सम्पर्क गर्नहुन ।

मुकेश तामाङ

शिवा निधि तिवारी

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश,नेपाल

१४ सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा प्रदेश सहकारी रजिष्ट्रारको कार्यलय वागमतीवाट विभिन्न समयमा जारी भएको निर्देशन पालना गर्नहुन ।

१५ माथि उल्लेख गरिएको पालना तथा जारी भएको एकिकृत निर्देशन अटेर गरेमा नियमानुसार तोकिएको जरिवाना तथा अन्य प्रचलित व्यवस्था वमोजिम हुनेछ।

०८३।४।२२
मुकेश तामाङ
शाखा प्रमुख (भूमि व्यवस्था तथा सहकारी)

२०८३।४।२२
किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत